# विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

## शोधपत्र


शोधकर्ता
हिराधन गुरुङ
क्याम्पस क्रमाङ्क १७८/०६५/०६६
परीक्षा क्रमाङ्क २१८००७१/२०६७
त्रि.वि. दर्ता नं. ९४९२-९०



जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७३


शोधपत्र पेस गरेको मिति
वि.सं. २०७३/०१/२७
ई.सं. ९ मे, २०१६

शोधपत्र भाइभा मिति
वि.सं. २०७३/०३/२३
ई.सं. ७ जुलाई, २०१६


विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका - २०७३
हिराधन गुरुङ

# विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

## शोधपत्र

**शोधकर्ता**
हिराधन गुरुङ
क्याम्पस क्रमाङ्क १७८/०६५/०६६
परीक्षा क्रमाङ्क २१८००७१/२०६७
त्रि.वि. दर्ता नं. ९४९२-९०

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७३

शोधपत्र पेस गरेको मिति
वि.सं. २०७३/०१/२७
ई.सं. ९ मे, २०१६

शोधपत्र भाइभा मिति
वि.सं. २०७३/०३/२३
ई.सं. ७ जुलाई, २०१६

# प्रतिवद्धता पत्र

**विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका** शीर्षकको शोधपत्र लेखनमा मैले प्रस्तुत गरेका तथ्यहरू, विभिन्न लेखकहरूका लेखहरू, शोधकर्ताका शोधहरू अध्ययन गरी तिनको आफ्नै शैलीमा व्याख्या विश्लेषण गरेको छु । यो शोध मैले कसैको नक्कल नगरी आफै लेखी तयार गरेको छु ।

अध्ययन कार्यलाई सम्पन्न गर्न नमुना छनोटमा परेका व्यक्तिहरूका विचारहरू नै प्रष्ट उल्लेख गरेको छु । कपोलकल्पित तथ्यहरू र लेखहरू प्रस्तुत नगरी प्राप्त भएका यथार्थ तथ्यहरू प्रस्तुत गरेको छ । अन्त्यमा, यो अध्ययनकार्य आफैले सम्पन्न गरेको स्वयम् घोषणा गर्दछु ।

मिति : २०७३, बैशाख

हिराधन गुरुङ
शोधकर्ता

ख


# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


मिति : २०७३/०१/२७

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, जनता बहुमुखी क्याम्पस स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षका छात्र हिराधन गुरुङले **विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका** शीर्षकमा गर्नुभएको यो शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नुभएको हो । यो शोधकार्य प्रति म सन्तुष्ट छु र यसलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

९ मे, २०१६

.....................

श्री विमल नेपाल

(शोध निर्देशक)

# कृतज्ञताज्ञापन

प्रस्तुत विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका शोधपत्रको प्रस्तावना लेखन कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक मार्गदर्शन गर्नुहुने शोध निर्देशक गुरु श्री विमल नेपालज्यू प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी यस अनुसन्धान कार्यलाई सम्पन्न गर्न महत्वपूर्ण सल्लाह, सुझाव एवम् आवश्यक पथ प्रदर्शन गर्नु हुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्राध्यापक तथा बिभागीय प्रमुख श्री टोलनाथ काफ्लेज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस अध्ययन कार्यका लागि छनौटमा परेका स्रोत शिक्षक श्री पदमकुमार राई, विद्यालयका प्र.अ.हरू, शिक्षकहरू विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र अभिभावकहरूलाई समेत सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

यस शोध पत्र लेखनमा आवश्यक खर्च जुटाई अन्य कार्यमा समेत सहयोग र साथ पुऱ्याउने जीवन संगिनी ससीकला गुरुङ्ग, छोरी सिन्धु गुरुङ्ग, छोरा सुशिल गुरुङलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमाआफ्नो अमूल्य समय दिएर प्रतिवेदनको कम्प्युटर टाइपमा सहयोग पुऱ्याउनु हुने टिना कम्प्युटर, खोर्सानेका यज्ञमणि निरौलालाई पनि धन्यवाद दिन चाहान्छु ।

२०७३, बैशाख हिराधन गुरुङ

# शोधसार


विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका शीर्षक राखेर गरिएको यो शोध कार्यको मुख्य उद्देश्य विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका खोजी गरी ती विद्यालयको भौतिक व्यवस्थापनमा रहेका समस्या समाधानका उपायहरू सुझाउनु रहेको छ ।

यस अनुसन्धानमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ । विद्यालयको भौतिक सुधारसँग सम्बन्धित सरोकारवालाहरूसँग लक्षित समूह छलफल, प्रत्यक्ष अवलोकन र खुला प्रश्नावलीबाट प्राप्त नतिजालाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण  गरिएको छ । तथ्याङ्को विश्लेषण गर्दा उद्देश्यअनुसारका शीर्षक र उपशीर्षकहरूमा प्रस्तुत गरी उद्देश्य, तथ्याङ्क र सिद्धान्तलाई सम्बन्धित गरी त्रिकोणात्मक रुपमा गुणात्मक विधिले विश्लेषण गरिएको छ ।

अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि जनसङ्ख्याका खोटाङ जिल्लाका २७ वटा स्रोत केन्द्रहरू बाट गोला प्रथा गरी एउटा श्री साकेला उ.मा.वि.रतन्छा श्रोतकेन्द्र लाई छनौट गरिएको छ ।  उक्त साकेला उ.मा.वि.रतन्छा श्रोतकेन्द्रका १२ वटा विद्यालय र सोही विद्यालयका प्र.अ.हरू, शिक्षकहरू, विद्यार्थीहरू, वि.व्य.स., अभिभावकहरू र श्रोत शिक्षक अध्ययनको जनसङ्ख्याका रुपमा रहेका छन् ।

अध्ययनमा श्रोतशिक्षक -१, प्रधानाध्यापक-५, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष-५, शिक्षक अभिभावक संघका अध्यक्ष -५, अभिभावकहरू -१०, विद्यार्थीहरू -१० जना सँग खुला प्रश्नावली भराइ विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिले कसरी भूमिका खेल्न सक्छ भन्ने विषयमा प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल समेत गरिएको छ । यो शोध अध्ययनका लागि प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा खुला प्रश्नावली, लक्षित समूह छलफल, रुजुसूची र अवलोकन फारमको प्रयोग गरिएको छ । साथै आवश्यक विद्यालयका विभिन्न अभिलेखहरूलाई द्वितीय तथ्याङ्कको स्रोतको रुपमा लिइएको छ ।

यसरी व्याख्या विश्लेषण गर्दा विद्यालयमा भौतिक पक्षको सुधार गर्न विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको अवस्था राम्रो नरहेको पाइयो । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू विद्यालय व्यवस्थापन समितिका क्षमता अभिवृद्धि तालिममा सहभागी भए

पनि तालिममा सिकेका कुराहरू क्षमताको सदुपयोग गर्न नसकेको र विद्यालयको भौतिक पक्षको अवस्थाको पहिचान गरेर समस्याहरूको पहिचान गर्न नसकी समस्याको समाधानमा खासै चासो नलिएको पाइयो । श्रोत शिक्षकले आफ्नो स्रोतकेन्द्रमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम दिने व्यवस्था गरी तालिम दिएता पनि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वियनमा वेखवर भएकोले विद्यालयको भौतिक पक्षको सफलतापूर्वक निर्माण र कार्यन्वयन हुन नसकेको तथ्य फेला पारियो । नमुना छनोटमा परेका विद्यालयहरूको भौतिक अवस्थामा भवन र कक्षाकोठा संख्या पर्याप्त मात्रामा भए पनि ती कोठाहरूमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न आवश्यक पर्ने किसिमले कक्षाकोठाको व्यवस्थापन हुन नसकेको पाइयो ।

विद्यालयहरूमा खानेपानीको धारा, शौचालय आदि भए पनि खानेपानीको धाराको मर्मत सम्भार नभएको हुँदा धारामा पानीको अभाव भएको पाइयो जसले गर्दा शौचालयहरू फोहोर अवस्थामा रहेको पाइयो । विद्यालयका कक्षाकोठाहरूमा झ्याल ढोका नभएको, झ्याल ढोका लगाउँदा कक्षाकोठाभित्र अध्यारो भई शिक्षण सिकाइ क्रियाकलाप नहुने गरेको पाइयो । छानोमा पारदर्शी च्यादर नहुनाले जाडोको समयमा झ्याल ढोका लगाउँदा कक्षाकोठाभित्र अध्यारो भई शिक्षण सिकाइ क्रियाकलाप नहुने गरेको पाइयो । फर्निचरहरूमा डेक्सवेञ्च विद्यार्थीहरूको उमेर अनुसार निर्माण नभएको पाइयो ।

विद्यालयको भौतिकपक्षको सुधार नहुनुमा व्यवस्थापन समितिलाई तालिमको अभाव, तालिम लिएर पनि तालिमको सदुपयोग नगर्नु विद्यालयमा  भइरहेका भौतिक पक्षहरूको सुधारमा भन्दा नयाँ भवन, शौचालय, खानेपानी योजना संचालन गर्नमा विद्यालय व्यवस्थापन समिति लालयित भएको पाइयो । आर्थिक स्रोतको अभाव, चेतनाको अभाव, कक्षाकोठाको व्यवस्थापन, फर्निचरको व्यवस्थापन आदिमा कमजोरी रहेको पाइयो ।

विद्यालयको भौतिक पक्षको सुधारमा बालमैत्रीपूर्ण विद्यालय भवनको व्यवस्था, विद्यार्थीहरूको उमेर अनुसारको फर्निचरको व्यवस्थापन, कक्षाकोठाको झ्यालढोकाहरूमा पारदर्शी शिशा लगाएर कक्षाकोठालाई उज्यालो बनाउन सकेमा र फर्निचर व्यवस्थापनमा चकटीको व्यवस्थागर्न सकिएमा भौतिक पक्षको सुधार गर्न सकिन्छ ।

# विषयसूची

परिच्छेद  एक

परिचय


| | |
|---|---|
| | पृष्ठ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १२ |
| १.३ अध्ययनको औचित्य | १३ |
| १.४ अध्ययनको उद्देश्य | १४ |
| १.५ अनुसन्धान प्रश्नहरू | १४ |
| १.६ अध्ययनको परिसीमा | १५ |
| १.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा | १५ |
| परिच्छेद  दुई | |
| सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | |
| २.१ सम्वन्धित साहित्यको पुनरावलोकन | १७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २१ |
| २.३ पुनरावलोकनको उपदेयता | २२ |
| परिच्छेद  तीन | |
| अनुसन्धान विधि | |
| ३.१ अनुसन्धान ढाँचा | २४ |
| ३.२ जनसङ्ख्या, नमुना र नमुना रणनीति | २४ |
| ३.३ अध्ययन क्षेत्र | २५ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधानहरू | २६ |
| ३.४.१ प्रश्नावली | २६ |
| ३.४.२ अवलोकन फारम | २६ |
| ३.४.३ लक्षित समुह छलफल | २६ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | २६ |
| ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया | २७ |
| परिच्छेद चार | |
| नतिजाको छलफल | |
| ४.१ विद्यालयको भौतिक पक्षको विश्लेषण | २८ |
| ४.१.१ विद्यालयको भौतिक अवस्था | २८ |

४.१.२ विद्यालयको कक्षाकोठा र फर्निचरको अवस्था २९
४.१.३ विद्यालयमा खानेपानी र शौचालयको अवस्था ३०
४.१.४ विद्यालयको खेल मैदान तथा खेलसामग्रीको अवस्था ३०
४.१.५ विज्ञान प्रयोगशाला र पुस्तकालयको अवस्था ३१
४.१.६ विद्युत तथा सूचना प्रविधिको अवस्था ३२
४.२ विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका ३३
४.२.१ विद्यालयमा भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउने सम्बन्धमा ३३
४.२.२ विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिले गरेको पहल सम्बन्धमा ३३
४.२.३ विद्यालयको अवलोकन र निरीक्षण सम्बन्धमा ३४
४.२.४ विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.ले गरेको रेखदेख सम्बन्धमा ३४
४.२.५ विद्यालयले स्रोतव्यक्तिलाई कार्यक्रम र बैठकमा आमन्त्रित गर्ने सम्बन्धमा ३४
४.२.६ विद्यालयको भौतिक सुधारमा सक्रियताको अवस्था सम्बन्धमा ३४
४.३ विद्यालयको भौतिक व्यवस्थापनमा रहेका समस्याहरू ३५
४.३.१ उपयुक्त कक्षाकोठाको व्यवस्थापन नहुनु ३६
४.३.२ सरोकारवालाहरूको उत्तरदायित्वको कमी ३६
४.३.३ विद्यालय व्यवस्थापन समितिको क्षमतामा कमी ३७
४.३.४ शौचालय तथा पिउने पानीको अभाव ३७
४.३.५ भौतिक साधनहरूको मर्मत सम्भारको कमी ३७
४.३.६ विद्यालय र समुदाय बीचको सम्बन्धको अभाव ३८
४.३.७ जग्गा, खेलमैदान, खेल सामग्री र शैक्षिक सामग्रीको अभाव ३८
४.४ विद्यालयको भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू ३८
४.४.१ आवश्यक फर्निचरको व्यवस्थापन ३९
४.४.२ विद्यालयको भौतिक सुधारमा आर्थिक स्रोतको व्यवस्थापन ३९
४.४.३ भौतिक सुधारका लागि अन्तर्क्रिया ४०
४.४.४ उचित कक्षाकोठाको व्यवस्थापन ४०
४.४.५ विद्यालयको भौतिक व्यवस्थापन ४१
४.४.६ विद्यालय व्यवस्थापन समितिलाई तालिम ४१

परिच्छेद पाँच

निष्कर्ष र सुझावहरू


५.१ निष्कर्ष ४२

५.२ सुझावहरू ४३

५.२.१ नीतिगत तह ४४

५.२.२ अभ्यास तह ४४

५.२.३ अनुसन्धान तह ४५

सन्दर्भसूची

अनुसूचीहरू